# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड 2 संख्या ४ मितिः 2075 बैशाख 22

**भाग- २**

## जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**बालविकास कक्षा स्थापना अनुदान वितरण तथा शिक्षक (सहजकर्ता) छनौट सम्बन्धी कार्यविधि -२०७५**

# बालविकास कक्षा स्थापना अनुदान वितरण तथा शिक्षक (सहजकर्ता) छनौट सम्बन्धी कार्यविधि -२०७५

स्विकृत मितिः-२०७५/०१/२१

**प्रस्तावनाः** यस जोरायल गाउँपालिका भित्र स्वीकृत तथा अनुमति प्राप्त गरी सञ्चालित विद्यालयहरुमा वा समुदायमा पूर्व प्राथमिक विद्यालय शिक्षक (सहयोगि कार्यकर्ता) को ब्यवस्था गरिएको छ । नेपालको संविधान (२०७२) को धारा ३९ मा बालबालिकाको हक तथा प्रचलित ऐन नियममा प्रारम्भिक बालविकासको प्रावधानले एक जना बालविकास शिक्षक (सहयोगि कार्यकर्ता) ले सेवा पूय्राउन सक्ने विद्यार्थी सङ्ख्या समेत किटान गरेको छ । सरकारबाट अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिकमा तथा  विद्यालयहमा आधारित पूर्वप्राथमिक शिक्षक ब्यवस्था गर्नका लागि स्रोत उपलब्ध गराई विद्यालयमा अध्ययनरत सबै बालबालिकाले समान रुपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्ने उद्देश्यले ब्यवस्था भएको अनुदान रकमबाट पूर्वप्राथमिक शिक्षक (सहयोगि कार्यकर्ता) छनौट गरी कार्यक्रम साचालन भएतापनि यस गाउँपालिकाको सेवा क्षेत्र भित्र धेरैजसो बिद्यालय तथा अति बिकट क्षेत्रमा बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चता गर्न गाउँपालिकाको सहयोगमा वालविकास कक्षा नभएका विद्यालयहरु तथा कम्तिमा १५ देखि २० जना सम्म बालवालिका भएका समुदायमा थप कक्षा सञ्चालन गर्न तथा सञ्चालनमा रहेका प्रारम्भिक बालबिकास तथा अन्य कारणाले रिक्त रहेको पदमा बालबिकास शिक्षक नियुक्ति पारदर्शिता, निष्पक्षता, विश्वसनियता, वैधता र एकरुपता कायम गर्न श्री जोरायल गाउँपालिकाको कार्यालय डोटीबाट यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यस कार्यविधिको नाम बालविकास कक्षा स्थापना, अनुदान वितरण तथा शिक्षक (सहजकर्ता) छनौट सम्बन्धी कार्यविधि -२०७५ ।

(२) यो कार्यविधि जोरायल गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा तथा समुदायमा साचालित बालबिकास शिक्षक नियुक्ति तथा बालविकास कक्षा नभएका विद्यालयहरु र समुदायमा नयाँ बालविकास केन्द्र नियमानुसार अनुदान रकम उपलब्ध गराउनका लागी यो कार्यविधि लागु हुनेछ ।

(३) यो कार्यविधि जोरायल गाउँपालिका, कार्यपालिकाको बैठकले स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) " ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(ग) "आयोग नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) लाई सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय लाई सम्झनु पर्दछ ।

(ङ) "विभाग" भन्नाले हालको शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रलाई सम्झनु पर्दछ ।

(च) "आयोग" भन्नाले शिक्षक सेवा आयोग लाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

(ज) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय लाई सम्झनु पर्दछ ।

(झ) "प्राथमिक तह" भन्नाले कक्षा १ देखि ५ सम्मलाई सम्झनु पर्दछ ।

(ञ) "निम्नमाध्यमिक तह" भन्नाले कक्षा ६ देखि ८ सम्मलाई सम्झनु पर्दछ ।

(ट) "माध्यमिक तह" भन्नाले कक्षा ९ देखि १२ सम्मलाई सम्झनु पर्दछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायि विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्दछ ।

(ड) "अध्यक्ष" भन्नाले विद्यालय ब्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ । सो शब्दले विद्यालय कर्मचारी छनौट समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(ढ) "सदस्य" भन्नाले विद्यालय ब्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(ण) "पूर्व प्राथमिक विद्यालय वा प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले चार बर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको पूर्वप्राथमिक शिक्षा दिने विद्यालय सम्झनिर्दछ ।

(त) "पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता)" भन्नाले पूर्व प्राथमिक विद्यालय वा प्रारम्भिक बाल विकास केन्द्र पठन पाठन गर्ने शिक्षक वा सहजकर्तालाई सम्झनुपर्दछ ।

(थ) "सहजकर्ता छनौट समिति" भन्नाले विद्यालयमा तथा समुदायमा आधारित पूर्वप्राथमिक विद्यालयका शिक्षक (सहजकर्ता) छनौट समितिलाई सम्झनुपर्दछ ।

**३. कार्यविधिको उद्देश्यः**

१. सामुदायिक विद्यालयमा पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) को नियुक्ति प्रक्रियामा एकरुपता ल्याइ अझ बढी पारदर्शीता, ब्यवस्थित, मर्यादित, विश्वसनीयता र निष्पक्षता कायम गराउनु यस कार्यविधिको मुख्य उद्देश्य रहेको छ ।

२. बालविकास शिक्षक (सहयोगि कार्यकर्ता) छनौट गर्ने।

३. निश्चित मापदण्डमा आधारीत रहेर नयाँ स्थापना हुने बालविकास केन्द्रहरुलाई अनुदान उपलब्ध गराउने ।

**४. कार्यविधिको कार्यक्षेत्रः**

यो कार्यविधि डोटी जिल्ला जोरायल गाउँपालिका अन्तरगत गाउँपालिकाको सहयोग तथा अन्य कारणले रिक्त भएका सामुदायिक विद्यालयहरुमा तथा समुदायमा सञ्चालित पूर्वप्राथमिक शिक्षक (सहयोगि कार्यकर्ता) नियुक्ति गर्ने कार्य यसको कार्यक्षेत्र भित्र पर्दछ ।

## परिच्छेद -२

**५. पूर्वप्राथमिक विद्यालय शिक्षक (सहयोगिकार्यकर्ता) को उम्मेदवार हुनेः**

पूर्व प्राथमिक विद्यालय शिक्षक (सहयोगि कार्यकर्ता) नियुक्तिको लागि उम्मेदवार हुन देहाय अनुसारका ब्यक्ति उम्मेदवार हुन सक्नेछन् :-

(क) नेपाली नागरिक हुनु पर्ने

(ख) १८ बर्ष उमेर पुरा भएको र ४० बर्ष ननाघेको हुनु पर्ने

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी बर्खास्त नगरिएको

(च) महिलाले उम्मेदवार मात्र हुन पाउने ।

शैक्षिक योग्यता कम्तिमा कक्षा १० वा SEE मा न्युनतम 1.6 GPA लिई उत्तीर्ण गरेको ।

## परिच्छेद -३

**६. पूर्व प्राथमिक विद्यालय शिक्षक (सहयोगिकार्यकर्ता) छनौट समितिः**

१. पूर्व प्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) मा नियुक्त गर्न देहाय बमोजिमको एक पूर्वप्राथमिक शिक्षक (सहजकर्ता) छनौट समिति रहने छः

(क) विद्यालय ब्यबस्थापन समिति अध्यक्ष - संयोजक

(ख) शिक्षा इकाई प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ग) विषय विज्ञ -सदस्य

(घ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) पूर्वप्राथमिक शिक्षक (सहजकर्ता) छनौट प्रयोजनको लागि बिषय बिज्ञको रुपमा छनौट समितिले शिक्षा शास्त्र सँकायमा कम्तिमा प्रबिणता प्रबिणता प्रमाण पत्र तह उत्तिर्ण अधारभुत वा माबि तहमा कम्तिमा ५ बर्षको निरन्तर अध्यापन गरि रहेका स्थायि ,अस्थायि, करार राहात शिक्षकहरु मध्ये छनौट गर्न सक्नेछ ।

(३) पूर्वप्राथमिक शिक्षक (सहजकर्ता) छनौट समितिको बैठक तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) पूर्वप्राथमिक शिक्षक (सहजकर्ता) छनौट समितिले सहजकर्ता सिफारिसका लागि लिइने परीक्षाको परीक्षाकेन्द्र विब्यसको निर्णय अनुसार विद्यालय, वा स्रोतकेन्द्र वा गाउँ कार्यपालिकाको कार्यालय वा वार्ड कार्यालयमा छनौट समितिले तोके अनुसार हुने छ ।

**८. कर्मचारी छनौट परीक्षा सम्बन्धी ब्यवस्थाः**

(१) पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) नियुक्तिका लागि निम्नानुसारका परीक्षा सञ्चालन गरिनेछः

(क) लिखित परीक्षा :१०० पूर्णाङ्कको (बिषयगत ५० पूर्णाङ्क र वस्तुगत ५० पूर्णाङ्क)लिखित परीक्षा लिइने छ ।

(ख) लिखित परीक्षाको पाठ्यक्रम :लिखित परीक्षाको पाठ्यक्रम देहाय बमोजिम हुनेछ ।

i) शिक्षाका उद्येश्यहरु, बालबिकास र सिकाइ, बालकेन्द्रित क्रियाकलाप र बालकेन्द्रित बिद्यालय र सिकाइ बालमनोबिज्ञान तथा प्राथमिक तहका अनिबार्य बिषयहरुको बिषयबस्तुमा अधारित शिक्षण बिधि र मुल्यङ्कन ,आधुनिक शैक्षणिक प्रबिधि, शैक्षणिक योजना, शैक्षिक ब्यबस्थापन र बिद्यालय सुशासनसम्बन्धि बिषयबस्तुमा अधारित भै जम्मा ५ प्रश्नहरु प्रति प्रश्न १० अङ्कभारका रहने छन ।

ii) बस्तुगत प्रश्नहरु :शिक्षा ऐन,शिक्षा नियमावलि, शिक्षक सेवा आयोग नियमावलि (संशोधन सहित) नेपालको संबिधान २०७२ को भाग ३ मौलिक हक, शिक्षा सम्बन्धि

सामान्य जानकारी, परीक्षा ,मुल्याङ्कन, बाल मनोबिज्ञान, शिक्षाका उद्येश्यहरु, बालबिकास र सिकाइ, बालकेन्द्रित क्रियाकलाप , बालकेन्द्रित बिद्यालय, शिक्षण बिधि, शैक्षणिक योजना सम्बन्धि बिषयबस्तुमा अधारित भै जम्मा २५ ओटा प्रश्नहरु प्रति प्रश्न २ अङ्क भारका बहुबैकल्पिक रहनेछन ।

(२) अन्तरवार्ता तथा शैक्षिक योग्यताः अन्तरवार्ता तथा शैक्षिक योग्यता लागि देहाय अनुसार २० अङ्क छुट्याइएको छः

सेवा प्रवेशको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ५ अङ्क, द्बितीय भए ३ अङ्क र तृतीय श्रेणि भए २ अङ्क ।

माथिल्लो एक तहको योग्यता वापत प्रथम, द्बितीय र तृतीय श्रेणीको क्रमशः ३, २ र १ अङ्क (न्युनतम र माथिल्लो शैक्षिक योग्यताको श्रेणी नखुलेको भए द्बितीय श्रेणीको अङ्क प्रदान गरिने छ ।)

अन्तरवार्ता वापत १२ अङ्क (३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिनुपर्ने भएमा स्पष्ट कारण सबैले खुलाउनु पर्ने छ ) ।

(१) उपदफा १ अनुसार लिखित परीक्षा लिइसकेपछि सबै भन्दा बढी प्राप्ताङ्क ल्याउने मध्येबाट देहाय अनुसारको सङ्ख्यामा वर्णानुक्रम अनुसारको सूची अन्तरवार्ताका लागि प्रकाशन गरिने छ ।

पदपूर्ति हुने सङ्ख्या अन्तरवार्ताका लागि सूचीकृत हुने सङ्ख्या

- ३ जना
- ४ जना
- ५ जना

**९. छुट अन्तरवार्ता लिन सक्नेः**

देहायका कारण देखाई अन्तरवार्ता सम्पन्न भएको मितिले १० दिनभित्र अन्तरवार्ताको लागि उपस्थित हुन नसकेको प्रमाणसहित निवेदन दिएमा र

जाँचबुझ गर्दा मनासिब देखिएमा छनौट समितिले अन्तरवार्ता भएको मितिले १५ दिनभित्र त्यस्तो छुट उम्मेदवारको अन्तरवार्ता लिन सकिन्छ ।

क) भवितब्य परेमा (बाढी पहिरो गई बाटो बन्द हुनु आदि)

ख) सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा

ग) किरिया बस्नुपरेमा

घ) सुत्केरी भएमा

ङ) अशक्त विरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएमा ।

**१०. योग्यताक्रम प्रकाशित गर्नेः**

लिखित र अन्तरवार्ता तथा शैक्षिक योग्यताको प्राप्ताङ्क जोडी सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार मध्येबाट नियुक्तिका लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गरिने छ ।त्यसरी सिफारिस गर्दा उपलब्ध भए सम्म रिक्त पद सङ्ख्याको १० प्रतिशतले हुने सङ्ख्यामा उम्मेदवारको नाम वैकल्पिक सुचीमा राखिने छ । सहजकर्ता छनौट समितिले अन्तिम नतिजा प्रकाशित गर्दा वा सिफारिस गर्दा महिला, दलित, अपाङ्ग र अन्य रउम्मेदवारको अङ्क बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्गलाई सिफारिस वा नतिजा प्रकाशित गर्नुपर्नेछ ।

**११. पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) छनौट समितिको सिफारिसमा नियुक्ति गर्नेः**

(१) नियम ६ अनुसार गठित पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) छनौट समितिले खुल्ला प्रतियोगिता गराई छनौट भएको उम्मेदवारलाई नियुक्ति दिन विद्यालय ब्यवस्थापन समितिलाई सिफारिस गर्ने छ ।

(२) उपनियम १ अनुसार सिफारिस भई आएको उम्मेदवारलाई विद्यालय ब्यवस्थापन समितिको निर्णय गराई प्रधानाध्यापकले सूचना प्रकाशित गरी सो मितिले १५ दिन भित्र अनुसूची १ को ढाँचामा नियुक्ति दिनुपर्ने छ । सिफारिस भएको उम्मेदवारले नियुक्तिका लागि सूचना प्रकाशित भएको १५ दिन भित्र नियुक्ति नलिएमा वा ६ महिना भित्र पद कुनै कारणले रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइने छ ।

(३) शिक्षक (सहजकर्ता) नियुक्ति गर्दा करारमा नियुक्ति गर्नुपर्ने छ । नियुक्तिपत्रमा कर्मचारीका सेवा सर्त र सुविधाहरु तथा काम कर्तब्य र अधिकारहरु स्पष्टसँग खुलाउनु पर्ने छ ।

(४) उपनियम (२) अनुसार नियुक्ति हुनु अगावै सम्बन्धित उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको प्रामाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र अनुसूची २ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र प्रधानाध्यापक समक्ष पेश गर्नुपर्ने छ ।

## परिच्छेद-४

### १२. पदपूर्तिमा बन्देजः

पूर्वप्राथमिक विद्यालय शिक्षक (सहयोगि कार्यकर्ता) नियुक्ति सम्बन्धी ब्यवस्था यो कार्यविधिमा उल्लेखित भए बाहेक अन्य कुनै तरिकाबाट हुने छैन् ।

### १३. नियुक्ति बदर हुनेः

यो कार्यविधिको प्रक्रिया नपुर्‍याई गरिएका पूर्वप्राथमिक विद्यालय शिक्षक (सहयोगि कार्यकर्ता) लाई नियुक्ति शिक्षा अधिकृत वा प्रमुख प्रशासकिय अधिकृतले जुनसुकै बखत बदर गर्न सक्नेछ ।

### १४. तलब, सेवा, सर्त र सुविधाहरुः

(१) जोरायल गाउँपालिका,गाउँकार्यपालिकाको बैठकले प्रारम्भिक बाल विकास शीर्षकमा खर्च छुट्याइएको रकम खर्च गर्ने गरी सहजकर्ता नियुक्ति गरिने छ ।

(२) पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) ले सार्वजनिक विदाको दिन बाहेक अन्य दिन बिहान १० बजे देखि ४ बजेसम्म विद्यालयमा उपस्थित भई काम गर्नुपर्ने छ । विद्यालयलाई आवश्यक परेका जुनसुकै बखत पनि काममा खटाउन यसले बाधा पारेको मानिने छैन् ।

(३) अन्य सेवा र सुविधाहरु प्रचलित कानून अनुसार विद्यालयले समय समयमा तोकिदिए अनुसार हुने छ ।

**१५. विदासम्बन्धी ब्यवस्थाः**

१. पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) ले देहायअनुसार विदा पाउने छन्ः-

भैपरि आउने र पर्व विदाः ६/६ दिन बार्षिक रुपमा

विरामी विदाः बर्षमा १२ दिन

सुत्केरी विदाः शिक्षा नियमाबलिमा नेपाल सरकारले तोके बमोजिमः

प्रसुति स्याहार विदाः १५ दिन

क्रिया विदाः १५ दिन

2. बालबिकास सहजकर्ताले पाउने बिदाहरु विद्यालय ब्यवस्थापन समितिको परामर्शमा प्रअले स्वीकृत गर्ने छन् ।

3. विदा अधिकार नभइ सहुलित हुनेछ ।

**१६. सहजकर्ता आचार संहिताः**

विद्यालयमा नियुक्त सहजकर्ताले देहाय अनुसारका आचार संहिता पालना गर्नुपर्ने छः

(क) जातजाति, भाषाभाषि, लिङ्ग, धर्म, उमेर, राजनीति तथा अपाङ्गता भएकै आधारमा होच्याउने, हिनताबोध हुने वा अपमानजनक शब्द, उखान टुक्का, हाउभाउ वा उच्छृङ्खल ब्यवहार नगर्ने ।

(ख) विद्यालयमा होच्याउने, अश्लिल अभिब्यक्ति दिने एवम् अपमानजनक खालका बोली बचन, उखानटुक्का, हाउभाउ वा उच्छृङ्खल ब्यवहार नगर्ने ।

(ग) छिटो छरितो, पूर्ण र गुणस्तरीय रुपमा आफ्नो जिम्मेवारी निर्वाह गर्न सदा प्रयत्नशील रहने ।

(घ) विद्यालय हाताभित्र सुर्तिजन्य र मादक पदार्थ सेवन नगर्ने ।

(ङ) आर्थिक अनुशासन, सदाचार र पारदर्शिता कायम गर्ने ।

(च) राजनीतिक रुपमा तटस्थ रहने ।

(छ) विद्यालय समयमा विद्यालयसँग सम्बन्धित काम मात्र गर्ने ।

(ज) निर्वाचनमा भागलिन नहुने ।

(झ) प्रदर्शन, हड्ताल, थुनछेक र घेराउ गर्न नहुने ।

(ञ) सेवाग्राही प्रति उचित सम्मानजनक, मर्यादित र शिष्ट ब्यवहार गर्ने ।

(ट) कसैबाट पनि नाजायज र अतिरिक्त सुविधा तथा सहुलियत नलिने ।
(ठ) विद्यालयमा साधारण र राष्ट्रियता झल्किने पहिरन तथा परिचयपत्रको प्रयोग गर्ने ।
(ड) विद्यालय ब्यवस्थापन समिति तथा विद्यार्थीहरुका सदनबाट निर्धारण गरिएका आचार संहिताको पालना गर्ने ।
(ढ) विद्यालयको भौतिक संरचना वा सम्पत्तिको संरक्षण गर्ने ।
(ण) विद्यालयलाई शान्तिक्षेत्रको रुपमा ब्यवस्थापन गर्न प्रयत्न गर्ने ।
(त) विद्यालयसँग सम्बन्धित तह वा निकायहरुले तोके बमोजिमका कार्यहरु तोकिएको समयमा सम्पन्न गर्ने गरि कार्यहरु गर्ने

**१७.सजाय सम्बन्धी ब्यवस्थाः**

पूर्वप्राथमिक विद्यालयमा नियुक्त सहजकर्ताले पदीय जिम्मेवारी पुरा गर्न नसकेमा त्यस्ता शिक्षक (सहजकर्ता) लाई विद्यालय ब्यवस्थापन समितिको निर्णयले देहाय अनुसार कार्यवाही गर्न सकिने छः

(क) नसिहत दिने
(ख) तलब भत्ता रोक्का गर्ने
(ग) सेवाबाट हटाउने

**१८. सेवाबाट हटाउने र बर्खास्त गर्नेः**

(१) देहायको अवस्थामा विद्यालयमा नियुक्त पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता)लाई सेवाबाट हटाउन सकिने छः

(क) आचरण सम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा
(ख) आफ्नो पदको काम र जिम्मेवारी पूरा गर्न नसकेमा
(ग) कार्यालय समयमा बराबर मादक पदार्थ सेवन गरेमा
(घ) अनुशासन हिन काम गरेमा
(ङ) राजनीतिमा भाग लिएमा
(च) आफ्नो पदको जिम्मेवारीको बराबर बेवास्ता गरेमा
(छ) विदा स्वीकृति नगराई १५ दिन भन्दा बढी कार्यलयमा अनुपस्थित रहेमा
(ज) नैतिक पतन देखिने फौजदारी अभियोग अदालतबाट कसुरदार ठहरिएमा

(झ) भ्रष्टाचार गरेको प्रमाणित भएमा

(२) सफाइदिने मौका दिनुपर्नेः उपदफा १ अनुसार पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) लाई बर्खास्त गर्नुपूर्व निजलाई सफाई दिने प्रयाप्त अवसर दिनु पर्दछ ।

## परिच्छेद-५

**१९. क) नयाँ स्थापना हुने बालविकास केन्द्र सम्बन्धि व्यवस्थाः**

१ वर्तमान शिक्षाको संरचना अनुसार बालिवकास देखी कक्षा ८ सम्म आधारभुत तह कायम गरेको अवस्थामा गाउँपालिका भित्र सञ्चालित सामुदायीक विद्यालयहरुमा बालविकास केन्द्र भए नभएको एकिन गरी नभएका स्थानमा नयाँ कक्षा स्थापना गर्ने ।

२ समुदाय देखि विद्यालयको दुरी कम्तिमा १ घण्टा टाढा रहेको र उक्त समुदायमा तिन देखि ५ वर्ष सम्मका १५ देखि २० जना सम्म बालवालिका रहेका तथा ति समुदायका बालवालिकाहरु विद्यालय बाहिर रहेको अवस्थामा त्यस्तो समुदायमा नया बालविकास केन्द्र स्थापना गर्ने ।

३ पढाई बाट बञ्चित रहेका दलित जनजाती र पिछडिएका समुदायका बालवालिकाहरुको लागी निश्चत मापदण्डमा आभधारित भै उक्त समुदायमा १५ देखि २० जना सम्म बालवालिका रहेको अवस्थामा ति समुदायका बालवालिकाहरुका लागी नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।

४ यसरी स्थापना गरीने नयाँ बालविकास केन्द्रहरु कोटा निर्धारण र कोटा वितरण शिक्षा समितिको निर्णयानुसार गर्ने ।

**ख) बालविकास अनुदान सम्बन्धि व्यवस्थाः**

१. नयाँ स्थापना हुने बालविकास केन्द्रलाई सैक्षिक सामाग्री खरिद बापत प्रति केन्द्र एकमुष्ट रु १००००|- (दश हजार) का दरले निकासा दिने ।

२. सहयोगी कार्यकर्ताको मासिक पारिश्रमिक रु ६०००|- (दश हजार) का दरले वार्षिक १३ महिनाको पारीश्रमिक उपलब्ध गराउने ।

3. प्रति विद्यार्थी लागत अनुदान PCF रकम रु ५०० का दरले निकासा दिने ।

4. नयाँ स्थापना भएका बालविकास केन्द्रहरुलाई केन्द्र व्यवस्थापन वापत एकमुष्ट रकम रु ३०००|-(तिन हजार( निकासा दिने ।

**२०. यसै कार्यविधि अनुसार हुनेः**

यो कार्यविधिमा लेखिएजति कुराहरु यसै कार्यविधि अनुसार र अन्यमा शिक्षा ऐन, २०२८ (संशोधनसहित), शिक्षा नियमावली, २०५९ (संशोधनसहित) तथा अन्य प्रचलित कानून अनुसार हुने छ ।

## अनुसूची -१
## कर्मचारीको नियुक्ति पत्र

**श्री.......................................... विद्यालय....................**

**पत्र सङ्ख्याः-** **मितिः-**

**चलानी नं.:-**

**<u>बिषयः नियुक्ति / पदस्थापन</u>**

महासय,

पूर्वप्राथमिक विद्यालयशिक्षक (सहजकर्ता) छनौट समितिको सिफारिस बमोजिम मितिः .............................. को विद्यालय ब्यवस्थापन समितिको निर्णय अनुसार तपाईलाई पूर्वप्राथमिक विद्यालय शिक्षक छनौट सम्बन्धी कार्यविधि- २०७५ को बुँदा १० बमोजिम मितिः ................ देखि जेष्ठता कायम हुने गरी नियुक्ति दिइएको छ ।

आफ्नो सेवाकालमा नेपाल, नेपाली जनता र सरकार प्रति सदैव प्रतिबद्ध रही अनुशासित, निष्पक्ष, इमान्दार र उत्तरदायी भई प्रचलित कानून बमोजिम कार्य सम्पन्न गर्नु हुने छ भन्नर् विश्वास विद्यालयले तपाईसँग राखेको छ ।

*नियुक्ति पाउनु भएकोमा हार्दिक बधाई छ ।*

**<u>नियुक्ति/पदस्थापन भएको</u>**

पदः

श्री.............................. विद्यालय......... डोटी ।

(प्रधानाध्यापक)

श्री ................................... (नियुक्ति हुने कर्मचारी)

**बोधार्थः**

श्री जोरायल गाउँपालिकाको कर्यालय

रावतकट्टे जोरायल, डोटी ।

श्री जोरायल गाउँपालिका शिक्षा इकाई

रावतकट्टे जोरायल, डोटी ।

श्री जोरायल गाउँपालिका लेखा शाखा

रावतकट्टे जोरायल, डोटी ।

## अनुसूची-२
## निरोगिताको प्रमाणपत्र

पूर्वप्राथमिक विद्यालय शिक्षक (सहजकर्ता) पदको उम्मेदवार हुनु भएका श्री...................... लाई जाँच्दा निजमा कुनै सरुवा रोग वा अरु कुनै किसिमको शारीरिक विकृति वा आन्तरिक रोग पाइन निजमा........ रोग भए पनि निजले सो पदमा रही काम गर्न सक्ने ब्यहोरा प्रमाणित गर्द छु ।

निजको भनाई र प्रमाणपत्र अनुसार निजको उमेर...... बर्षको छ ।

(१)
र्णः

(२)
लियाः

(३)
हीः

(४)
याँ हातको बुढी औंलाको छापः

कार्यालयको छाप

चिकित्सककोः-
सहीः
नामः
पदः
नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रेसन नम्बरः
कार्यालयः
मितिः ॥

# अनुसूची -३

## <u>शपथ ग्रहण</u>

म ................................. ईश्वरका नाममा सत्य निष्ठाका साथ शपथ लिन्छु कि विद्यालय शिक्षाको शिक्षक (सहजकर्ता) को हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान धर्म सम्झी राष्ट्र र पेसाप्रति बफादार रही भय, पक्षपात र द्वैष नराखी लोभ लालच र मोलाहिजा नगरी इमान्दारी साथ ऐन, नियम र यस कार्यविधि र अन्य प्रचलित कानूनको अधिनमा रही गर्ने छु र मलाई ज्ञात हुन आएका विद्यालय र सेवा सम्बन्धी कुनै गोप्य कुरा तोकिएको सम्बन्धित ब्यक्तिलाई बाहेक अरु कसैलाई म नोकरी बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

| शपथग्रहण गर्ने शिक्षक (सहजकर्ता) | शपथग्रहण गराउने प्रधानाध्यापक |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| विद्यालयः | विद्यालयः |
| मितिः | मितिः |

## cg;rL M 4

## s/f/gfdfsf (Frf

o; ljBfno/afnljsf; Joj:yfkg ;ldltsf ldlt 2075÷=====÷=======sf lg)fofg;f/ lzIfs lgolQm ug ljifodf >L ================================ ljBfno/afnljsf; ====================- h;nfO kjyd kIf elgg %_ / lzIfs >L =============================================-h;nfO o; kl% bf>f kIf elgg %_ sf jLr ldlt ================df ;DkGg ePsf s/f/ ;Demftf kq bf>f kIfn o; ljBfno/afnljsf; k¥ofpg kg dVo dVo ;jfsf ljj/)f .

**<u>bf>f kIfn k¥ofpg kg ;jfsf ljj/)f</u>**

1_ lzIff lgodfjnLsf kl/R%b ======= lgod ====== df pNnlvt lzIfsn kfng ug kg lzIfs cfrf/ ;lxtf k)f?kdf kfng ug .

2_ ljBfonn lhDdf lbPsf ljifodf pRr l;sfO pknJwL xfl;n ug sfoofhgf agfO sfofGjog ugsf ;fy ljBfnojf^ lgwf/)f ul/Psf blgs sfotflnsf cg;f/ cWoog cWofkg ug .

3_ ljBfnon ;~rfng ug ;j lqmofsnfkdf ;lqmo ;xeflutf hgfpg .

4_ o; ljBfnosf lzIfs ePsfdf uj ub ljBfnosf kult sf nflu ;dlkt xg .

5_ ljBfnodf sg #)^L vfln ePdf ljBfnon tfs jdflhd lzIf)f ug .

6_ jfn dqL / eo /lxt lzIf)f lqmofsnfksf cjnDjg ug

7_ ljBfno k=c=Pjd ljBfno Joj:yfkg ;ldlt klt pQ/bfoL /xg .

**<u>bf>f kIfn pNnlvt ;jf pknAw u/fP jfkt kyd kIfn lbg kg ;ljwf / cGo ;tx?</u>**

8_ dfl;s ?==================sf b/n xg cfpg kfl/>lds /sd / jifsf Ps dlxgfsf kfl/>lds j/fj/sf /sd rf*kj vr :j?k kyd kIfn pknJw u/fpg % .

9_ lzIfsn lqmof ljbf / ;Ts/L ljbf lgodfg;f/ kfpg %g . lj/fdL ljbf jfkt klt dlxgf Ps lbgsf b/n lj/fdL ljbf kfpg t/ pQm ljbf ;l~rt gxg / ;f jfkt sg /sd eQmfgL ul/g %g .

10_ b/jlGbdf sfo/t lzIfs ;/x lgjQLe/)f, pkbfg, cfifwfkrf/ vr pknJw u/fOg %g .

11_ ljBfnojf^ pknJw u/fOg cGo ;ljwfx?df a&s eQf, tflnd eQf tyf blgs e|d)f eQf / cGo ;ljwf lj=Jo=;=n lg)fo u/ cg;f/ pknJw xg % .

12_ klt ljBfyL PsfO nfut cgbfg Ps cf=j=sf nfludfq xg ePsfn o; lgolQmsf lg/Gt/tf ljBfnosf cfjZostf / ljBfnonfO kfKt xg cgbfgdf cfwfl/t xg % .

13_ o; lgolQmsf cjlw j(Ldf =========== ;Dd dfq xg % .

14_ cGo ;ljwfx? lhNnf lzIff sfofnon yk u/ cg;f/ lbg ;lsg % .

15_ bf>f kIfsf sfo ;Gtfifhgs gePdf 15 lbg kj clu|d ;rgf lbO of ;Demftf eË ug ;lsg % .

**kyd kIfsf tkmaf^** **bf;f kIf**

**gfd=====================** **gfd=====================**

**kb =======** **kb =======**

**x:tfIf/** **x:tfIf/**